
# श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेर सोसाइटी अक्षयकोषको नियमावली



२०७३

श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोषको नियमावली २०७३

परिच्छेद-१

**दफा १ : संक्षिप्त नाम र प्रारम्भ**

(क) यो नियमावलीको नाम "श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३" रहनेछ । यसलाई अंग्रेजीमा " SMHS EX GWS-UK/NEPAL Trust-2016" रहनेछ ।

(ख) यो नियमावली श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को व्यवस्थापन समितिले अनुमोदन गरेपछि लागु हुनेछ ।

**दफा २ : परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा :

(क) **श्री संसारीमाई माध्यमिक विद्यालय** भन्नाले सिन्धुपाल्चोक जिल्ला ठूलोपाखर गाविस वडा नं. १ स्थित माध्यमिक विद्यालयलाई सम्झनु पर्दछ ।

(ख) **भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी** भन्नाले काठमाण्डौ र वेलायतमा स्थापित भू.पू. गोर्खा सैनिकहरुको कल्याणकारी संस्था भन्ने सम्झनु पर्दछ ।

(ग) **नियमावली** भन्नाले श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को नियमावलीलाई जनाउंदछ ।

(घ) **व्यवस्थापन समिति** भन्नाले यस श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को नियमावली अन्तर्गत गठन हुने व्यवस्थापन समितिलाई जनाउँछ ।

(ङ) **सदस्य** भन्नाले यस नियमावली अन्तर्गत गठन हुने व्यवस्थापन समितिको सदस्यलाई जनाउँछ ।

(च) **संरक्षक** भन्नाले श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को संरक्षकलाई जनाउँछ ।

(छ) **दाता** भन्नले अक्षयकोषको स्थापनाको लागि श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ लाई रकम प्रदान गर्ने भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी यूके नेपाललाई जनाउँदछ ।

परिच्छेद-२

**दफा ३ : कोषको स्थापना**

सिन्धुपाल्चोक जिल्ला ठूलोपाखर गाविस वडा नं. १ स्थित श्री सन्सारीमाई माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३को मातहतमा सञ्चालित हुने गरी भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी यूके नेपालले प्रदान गरेको रु. ५,००,००० ।- अक्षरुपी पाँच लाख रुपैंया नगदबाट श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी यूके/नेपाल अक्षयकोष-२०७३ स्थापना गरिने छ ।

## दफा ४ : कोषको सञ्चालन प्रक्रिया

(क) श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ स्थापनाको लागि यसै नियमावलीको दफा (३) वमोजिमको रकमलाई श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को नाममा सिन्धुपाल्चोक खाडिचौर स्थित सिन्धु विकास बैंकमा खाता खोली अक्षयकोषको रुपमा राखिनेछ । उक्त जम्मा गरिएको नगद रकम रु. ५,००,०००।- को व्याजबाट प्राप्त रकम श्री सन्सारीमाई माध्यमिक विद्यालयलाई हस्तान्तरण गरिनेछ । अक्षयकोषको रकम अन्य वित्तिय संस्थामा जम्मा गर्दा कोषको संरक्षकको सहमति लिनुपर्नेछ । उक्त रकमको वार्षिक रुपमा प्राप्तहुने व्याज रकमबाट व्यवस्थापन समितिको सिफारिसमा अक्षयकोषको उद्देश्य अनुसार प्रत्येक वर्ष यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वार्षिक परीक्षा शुल्क प्रदान गरिनेछ ।

(ख) अक्षयकोषको स्थापनाको लागि प्राप्त सावां रकमलाई कुनै पनि अवस्थामा मास्न, खर्च गर्न वा हानी नोक्सानी गर्न पाइने छैन । उक्त साँवा रकमको वार्षिक रुपमा प्राप्त ८% व्याज रकमबाट विद्यार्थीहरुको वार्षिक परीक्षा शुल्क प्रदान गरिनेछ । यो हालको व्याज प्रतिशत अक्षयकोषको रकम राखिएको वित्तिय सँस्था को नियमानुसार थपघट हुन सक्नेछ ।

परिच्छेद-३

## दफा ५ : उद्देश्य

श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ प्रचलित विधानको अधिनमा रही सञ्चालन हुने गरी सिन्धुपाल्चोक जिल्ला ठूलोपाखर गाविस वडा नं. १ स्थित श्री सन्सारीमाई माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वार्षिक परीक्षा शुल्क भुक्तानी गर्ने यस अक्षयकोषको मुख्य उद्देश्य हुनेछ ।

परिच्छेद-४

## दफा ६ : कोषको संरक्षक

(क) यस नियमावलीको परिच्छेद १ दफा २ (क) अनुसारको व्यक्ति संरक्षक हुनेछ । निज सो पदमा आजीवन वहाल रहनेछ । तर संरक्षक आफुले जीवित छँदै वा आफ्नो मृत्यु पश्चात आफ्नो स्थानमा आफुले इच्छाएको व्यक्तिलाई पदासिन गराउन चाहेमा सो कुराको व्यहोरा उल्लेख गरी संरक्षकले भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी युके नेपाललाई लिखित जानकारी दिनु पर्नेछ र सो इच्छाएको व्यक्तिलाई भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी युके नेपालको लिखित सहमतिमा श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को संरक्षकमा पदस्थापना गराइनेछ ।

(ख) तर कुनै कारणवश संरक्षकले इच्छाएको व्यक्तिको नाम घोषणा नगरी मृत्यु भएमा भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी युके नेपालले संरक्षकको सबैभन्दा नजिकको जेठो नाता पर्ने व्यक्तिलाई उत्तराधिकारी घोषणा गरी निजलाई उक्त अक्षयकोषको संरक्षकमा पदस्थापना गराउनेछ । संरक्षकको उत्तराधिकारीले आफ्नो पूर्ववर्तिको सम्पुर्ण हक अधिकार उपभोग गर्न पाउनेछ ।

परिच्छेद-५

## दफा ७ : व्यवस्थापन समितिको गठन

श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ लाई व्यवस्थित रुपमा संचालन गर्न भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी यूके नेपाल को मातहतमा रहने गरी ९ सदस्यीय व्यवस्थापन समिति गठन गरिनेछ । यस अक्षयकोषको सञ्चालनको निम्ति निम्नानुसारको एक व्यवस्थापन समिति रहनेछ ।

१. संरक्षक : श्री कृष्णबहादुर राई
२. अध्यक्ष : कर्मडुण्डुप लामा
३. उपाध्यक्ष : सिंगबहादुर लामा
४. कोषाध्यक्ष : फूलचरी लामा
५. सचिव : जनक बहादुर तामांङ
६. सदस्य : चक्र बहादुर तामाङ
७. सदस्य : हेम कुमार लामा
८. सदस्य : विर बहादुर लामा
९. सदस्य : मङ्गलबहादुर तामाङ
१०. सदस्य : सङ्गिता लामा
११. सदस्य सचिव : रुबी लामा
१२. सदस्य : उर्गेनबहादुर लामा

## दफा ८ : व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार

(क) श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को विधानको पालना गर्ने ।

(ख) यस अक्षयकोषको विधानको निर्देशनमा रही अक्षयकोषको संरक्षण, व्यवस्थापन तथा परिचालन गर्न पहल गर्ने।

(ग) विद्यार्थीहरुलाई छात्रवृत्तिको लागि सिफारिस गर्ने ।

(घ) छात्रवृत्तिको रकम र समयावधि निर्धारण गर्ने ।

(ङ) विद्यालयको वार्षिकोत्सव वा कुनै समारोहका दिन संरक्षक वा निजले खटाएको व्यक्तिबाट छात्रवृत्ति प्रदान गर्ने ।

(च) यस अक्षयकोषको उद्देश्य वमोजिम अनुगमन र मूल्याङ्कन गर्ने ।

(छ) अक्षयकोषसँग सम्वन्धित अन्य कामहरु गर्ने ।

## दफा ९ : व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य तथा अधिकार

### १. संरक्षकको काम, कर्तव्य र अधिकार

(क) अक्षयकोषको उद्देश्य अनुरुप काम गर्नु, गराउनु, संरक्षकत्व लिनु र उक्त अक्षयकोषको संरक्षण गर्न अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अक्षयकोषको वृद्धिका लागि अन्य श्रोतको खोजी गर्ने र कोषमा स्वेच्छाले आफ्नो तर्फबाट रकम थप्ने ।

(ग) आफु जीवित छँदै वा आफ्नो मृत्यु पश्चात पदस्थापन हुने गरी आफ्नो उत्तराधिकारीको घोषणा गर्ने ।

(घ) अध्यक्षको अनुपस्थितिमा निजले प्रयोग गर्ने सम्पुर्ण अधिकार (खाता सञ्चालन बाहेक) प्रयोग गर्ने ।

(ङ) थप दाताहरु भएको खण्डमा उक्त दाताहरुलाई आमन्त्रित सदस्यको रुपमा बैठक तथा कार्यक्रममा सहभागि गराउन सक्ने ।

**२. अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) अक्षयकोषको उद्देश्यअनुरुप काम गर्ने, गराउने ।

(ख) अक्षयकोषको संरक्षण गर्ने ।

(ग) बैठकको अध्यक्षता गर्ने ।

(घ) मत बराबर भएमा निर्णायक मत दिने ।

(ङ) सचिवलाई बैठक बोलाउन निर्देशन दिने ।

(च) व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुलाई नियमावलीको पालना गर्न लगाउने ।

**३. सचिवको काम, कर्तव्य र अधिकार**

(क) अक्षयकोषको उद्देश्यअनुरुप काम गर्ने, गराउने ।

(ख) अध्यक्षको निर्देशनानुसार काम गर्ने ।

(ग) अध्यक्षको अनुमतिले बैठक बोलाउने ।

(घ) बैठकको लागि प्रस्ताव तयार गर्ने ।

(ङ) बैठकको निर्णयहरु अभिलेखन गर्ने ।

**४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) अक्षयकोषको उद्देश्यअनुरुप काम गर्ने, गराउने ।

(ख) अक्षयकोषको सम्पूर्ण आर्थिक लेखापढी गर्ने ।

(ग) अक्षयकोषको खातापाता/हिसावकिताव दुरुस्त राख्ने ।

(घ) व्यवस्थापन समितिको वैठकमा वार्षिक प्रतिवेदन, गतिविधि र भावी कार्यक्रम सम्वन्धि कार्यपत्र प्रस्तुत गर्ने ।

(ङ) अक्षयकोषको आर्थिक प्रतिवेदन व्वस्थापन समिति र भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी युके नेपाल लाई पेश गर्ने ।

**४. सदस्यहरुको काम, कर्तव्य र अधिकार**

(क) अक्षयकोषको उद्देश्य अनुसार काम गर्ने ।

(ख) बैठकमा उपस्थित भई छलफलमा भाग लिने ।

(ग) अध्यक्षको निर्देशनको पालना गर्दै अक्षयकोषको हितमा काम गर्ने ।

**दफा १० : पदाधिकारी तथा सदस्यहरुको पदावधि, पद रिक्तता तथा पदपूर्ति सम्वन्धि व्यवस्था**

**(क) पदावधि**

Rama Fulmaya Sangita मंगल हेम B.B.L

अक्षयकोषको व्यवस्थापन समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, र कोषध्यक्षको पदावधि निजहरु सम्वन्धित विद्यालयको वि.व्य.स. अध्यक्ष,प्रधानाध्यापकको पदमा वहाल रहेसम्म , सदस्यको पदावधि ३ वर्षको हुनेछ भने संरक्षकको पदावधि यसै नियमावलीको दफा ६ (क) मा व्यवस्था भए अनुसार हुनेछ ।

**(ख) पद रिक्तता**

देहायको अवस्थामा व्यवस्थापन समितिको पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनेछ ।,

(अ) राजीनामा दिई स्वीकृत भएमा ।

(आ) निको नहुने गरी मगज विग्रिएमा ।

(इ) मृत्यु भएमा ।

(ई) यस अक्षयकोषको विधान विपरीत काम गरी त्यस वापत कारवाहीमा परी व्यवस्थापन समितिको सदस्यताबाट निस्कासन भएमा ।

(उ) लगातार ३ पटक सम्म बैठकमा लिखित जानकारी नदिई अनुपस्थित भएमा ।

**(ग) पदपूर्ति**

कुनै कारणवश व्यवस्थापन समितिका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी यूके नेपालको कार्य समितिले मनोनयनद्वारा पदपुर्ति गर्नेछ ।

**दफा ११ : व्यवस्थापन समितिको वैठक**

श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को व्यवस्थापन समितिको वैठक वर्षको कम्तिमा १ पटक बस्नेछ । तर आवश्यकता परेमा जुनसुकै समयमा बैठक बस्न सक्नेछ । बैठकमा थप दाताहरुलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

परिच्छेद-६

**दफा १२ : आर्थिक स्रोत**

यस अक्षयकोषको देहाय बमोजिमको आर्थिक स्रोत हुनेछ ।

(क) अक्षयकोषको स्थापनाको लागि हालका दाता भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी यूके नेपालले प्रदान गरेको रु ५,००,०००।- (अक्षरुपी पाँच लाख रुपैंया मात्र)

(ख) अक्षयकोषको रकमबाट प्राप्त व्याज रकम अक्षयकोषको परिचालन गरी बढे, बढाएको रकम ।

(ग) दाताको स्वेच्छाले कोषमा थपेको रकम ।

(घ) हालका दाता भूतपूर्व गोर्खा वेलफेयर सोसाइटीका पदाधिकारीहरु :

(अ) कृष्ण बहादुर राई, यूके

(आ) दिवाकर राई , यूके

(इ) गन्ज आले , यूके

(ई) बसुन्धरा याक्खा राई , यूके

(उ) विष्णु गुरुङ , यूके

(ऊ) एल बि घिसिङ, नेपाल

(ए) हिमाल राई , नेपाल

(ऐ) एस बि घिसिङ , नेपाल

(ओ) हरि बहादुर रोक्का , नेपाल

(औ) जित बहादुर वाइबा ,नेपाल

**दफा १३ : कोषको सञ्चालन**

अक्षयकोषको रकमलाई अक्षयकोषको रुपमा सगरमाथा पाइनन्स, मानभवन, ललितपुरमा खाता खोली **श्री सन्सारीमाई माध्यमिक विद्यालय भुतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३** को नाम्मा राखिनेछ । यस अक्षयकोषको अध्यक्ष र कोषध्यक्षको संयुक्त दस्तखतबाट आर्थिक कारोवार हुनेछ । अध्यक्षको अनुपस्थितिमा कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट आर्थिक कारोवार हुनेछ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनुपर्नेछ ।

**दफा १४ : लेखापरिक्षण**

अक्षयकोषको आर्थिक हिसाब किताव दुरुस्त राखिनेछ र प्रत्येक आर्थिक वर्षको अन्त्यमा श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ ले संस्थाको लेखा परिक्षण गराउनेछ । यस अक्षयकोषको व्यवस्थापन समितिको बैठकले अनुमोदन गरेपछि मात्र अक्षयकोषको लेखापरिक्षणले वैधानिकता प्राप्त गर्नेछ । उक्त लेखा परीक्षण प्रतिवेदन दातालाई उपलब्ध गराउनुपर्नेछ ।

**दफा १५ : असुल उपर गरिने**

कुनै कारणवश श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ अक्षयकोष व्यवस्थापन समिति विघटन भएमा अक्षयकोष विघटन भएको मानिने छैन । यस्तो अवस्थामा नयाँ व्यवस्थापन समिति गठन गरी अविच्छिन्न रुपमा अक्षयकोष सञ्चालन गर्ने अधिकार संरक्षकको हुनेछ । कुनै कारणवश अक्षयकोषको उद्देश्य अनुरुप कार्य नभए वा कुनै कारणले अक्षयकोष नियमित रुपमा सञ्चालन हुन नसके अक्षयकोषले भूतपूर्व गोर्खा वेलफेयर सोसाईटी यूके नेपालको सहमति लिई श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३बाट अलग भई स्वतन्त्र संस्थाको रुपमा सञ्चालन हुन पाइनेछ ।

परिच्छेद-७

**दफा १६ : विविध**

(क) नियमावलीको संशोधन :

श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खावेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को नियमावलीको संशोधन गर्नु परेमा भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी यूके नेपालको केन्द्रिय समितिको दुई तिहाईको बहुमतको निर्णयले नियमावलीको प्रस्तावनाको प्रतिकुल नहुने गरी संशोधन गर्न सक्नेछ ।

(ख) व्याख्या गर्ने र वाधा अड्काउ फुकाउने अधिकार :

यस नियमावलीको अन्तिम व्याख्या गर्ने र व्याख्याको क्रममा कुने वाधा वा व्यवधान आइपरेमा सो फुकाउने अधिकार भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी यूके नेपाललाई हुनेछ ।

समाप्त

Pawa Sangita B.B.L.

लिखितम भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी यूके नेपाल (यस पछि प्रथम पक्ष भनिने) र श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ (यस पछि द्वितीय पक्ष भनिने) विच करार ऐन २०५६ वमोजिम दुबै पक्षले तपशिलका शर्तहरु वाध्यात्मक रुपमा पालना गर्ने गरी यो करारनामा लेखी हामी दुवै पक्षले सहि छाप गरी एक/एक प्रति लियौं, दियौं ।

**शर्तहरु :**

१. प्रथम पक्षले सिन्धुपाल्चोक जिल्ला ठूलोपाखर गाविस वडा नं. १ स्थित श्री सन्सारीमाई माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट २०७२ बैशाख १२-२९ मा गएको विनाशकारी भुकम्पमा परी बुबा,आमा वा बुबा आमा दुवै गुमाएका र अत्यन्त गरीव तथा जेहेन्दार विद्यार्थीहरुलाई द्वितीय पक्षको मातहतमा सञ्चालन हुने गरी द्वितीय पक्षलाई रु ५,००,०००।- ( अक्षरुपी पाँच लाख रुपैया मात्र ) रकम प्रदान गर्नेछ । उक्त रकमबाट द्वितीय पक्षले आफ्नो मातहतमा **श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३** स्थापना गर्नेछ । अक्षयकोषको रकम सिन्धुपाल्चोक खाडिचौर स्थित सिन्धुबिकास बैकमा

खाता खोली सञ्चालन गर्नेछ । अक्षयकोषको रकम वित्तिय सँस्थामा जम्मा गर्दा अक्षयकोषको संरक्षकको सहमति लिनुपर्ने द्वितीय पक्षको अनिवार्य दायित्व रहनेछ । उक्त रकमको वार्षिक रुपमा प्राप्त हुने व्याज रकमबाट अक्षयकोषको व्यवस्थापन समितिको सिफारिसमा द्वितीय पक्षले श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को नाममा विद्यार्थीहरुको परीक्षा शुल्क भुक्तानी गर्नेछ ।

२. प्रथम पक्षले प्रदान गरेको उक्त रकमको सावां रकमलाई द्वितीय पक्षले कुनै पनि अवस्थामा मास्न, खर्च गर्न वा हानीं नोक्सानी गर्न पाउने छैन । उक्त रकमको वार्षिक रुपमा प्राप्त व्याज रकमबाट मात्र द्वितीय पक्षले श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को नाममा विद्यार्थीहरुको परीक्षा शुल्क भुक्तानी गर्नेछ ।

३. श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को वार्षिक रुपमा प्राप्त हुने व्याज रकम मध्ये १०% रकम द्वितीय पक्षले अक्षयकोषमै अनिवार्य रुपमा जम्मा गर्नुपर्नेछ । १०% रकम कोषको व्यवस्थापन र अन्य प्रयोजनका निम्ति खर्च गर्न सक्नेछ । बाँकी ८०% रकम विद्यार्थीहरुको परीक्षा शुल्क वितरण गरिनेछ ।

४. प्रथम पक्ष , कृष्णबहादुर राई, श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को संरक्षक हुनेछ । निज सो पदमा आजिवन सदस्य वहाल रहनेछ । तर संरक्षक आफु जीवित छँदै वा आफ्नो मृत्यु पश्चात आफ्नो स्थानमा आफुले इच्छाइको व्यक्तिलाई द्वितीय पक्षले इच्छाइको व्यक्तिको घोषणा नगरी मृत्यु भएमा द्वितीय पक्षले प्रथम पक्ष, कृष्ण बहादुर राईको सबभन्दा नजिकको जेठो नातालाई निजको उत्तराधिकारी घोषणा गरी निजलाई अक्षयकोषको संरक्षकमा पदस्थापन गराइनेछ । संरक्षकको उत्तराधिकारीले आफ्नो पूर्ववर्तिको सम्पुर्ण अधिकार उपभोग गर्न पाइनेछ ।

५. अक्षयकोषलाई व्यवस्थित रुपमा सञ्चालन गर्न द्वितीय पक्षको मातहतमा अध्यक्ष , उपाध्यक्ष, संरक्षक , कोषाध्यक्ष, सचिव र सदस्यहरु गरी ११ जनाको अक्षयकोष व्यवस्थापन समिति गठन गरिनेछ ।

Rama  Sangita  B. B. L
मंगल हेम

६. अक्षयकोषलाई वृहत बनाउने आकांक्षा राखी अक्षयकोषमा रकम थप्न चाहेमा प्रथम पक्षले द्वितीय पक्षलाई जानकारी दिई थप्न सक्नेछ र यस्तो थप रकमलाई अक्षयकोषमा गाभि अक्षयकोषलाई यथावत रुपमा सञ्चालन गराइनेछ ।

७. अक्षयकोषको रकमलाई द्वितीय पक्षको मातहतमा सञ्चालन हुने गरी अक्षयकोषको रुपमा कृपालु वचत तथा ऋण सहकारी सँस्था, न्यूरोड, काठमाण्डौमा खाता खोली श्री सन्सारीमाई माध्यमिक विद्यालय भूतपूर्व गोर्खा वेलफेयर सोसाइटी अक्षयकोष-२०७३ को नाममा राख्नेछ । खाता सञ्चालन द्वितीय पक्षका अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट गरिनेछ । अध्यक्षको अनुपस्थितिमा कोषाध्यक्ष र सचिवको संयुक्त हस्ताक्षरबाट आर्थिक कारोवार सञ्चालन हुनेछ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

८. प्रथम पक्षले द्वितीय पक्षको मातहतमा सञ्चालन हुने गरी प्रदान गरेको उल्लेखित रकम प्रथम पक्षले कुनै पनि अवस्थामा आफ्नो व्यक्तिगत सम्पत्तिको रुपमा दावी गर्न पाउनेछैन । तर कुनै कारणवश अक्षयकोषको उद्देश्य अनुसार कार्य नभएमा वा कुनै कारणले अक्षयकोष नियमित रुपमा सञ्चालन हुन नसके द्वितीय पक्षबाट अलग भई स्वतन्त्र संस्थाको रुपमा अक्षयकोषको व्यवस्थापन वा सञ्चालन गर्न पाइनेछ । यसका साथै कुनै कारणवश द्वितीय पक्षको विघटन भएमा प्रथम पक्ष विघटन भएको मानिने छैन र यस्तो अवस्थामा प्रथम पक्षले अक्षयकोष अन्यत्रै व्यवस्थापन गरी अविच्छिन्न रुपमा अक्षयकोषको सञ्चालन गर्नेछ ।.

९. कुनै कारणवश अक्षयकोषको रकम हिनामिना भएमा यसुको जिम्मेवारी द्वितीय पक्षले लिनेछ र यस्तो अवस्थामा उक्त रकमको साँवा व्याज बदमासी गर्ने व्यक्तिबाट असुल उपर गराउने दायित्व द्वितीय पक्षको हुनेछ ।

१०. अक्षयकोषको आर्थिक हिसाव किताव अक्षयकोषको कोषध्यक्षले दुरुस्त राख्नेछ र प्रत्येक आ.व.को अन्त्यमा द्वितीय पक्षले संस्थाको लेखापरिक्षणसँगै अक्षयकोषको लेखापरीक्षण गराउनुपर्नेछ । उक्त प्रतिवेदन प्रथम पक्षलाई अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

११. यो करारनामा दुवै पक्षले करार लिखतमा सहिछाप गरेको मितिदेखि लागु हुनेछ ।

**प्रथम पक्ष**
कृष्ण बहादुर राई
अन्नपुर्ण-६, भोजपुर
हाल : बेलायत

**द्वितीय पक्ष**
कर्मडुण्डुप लामा
ठूलोपाखर-५, सिन्धुपाल्चोक
श्री सन्सारीमाई माध्यमिक विद्यालय
गुर्खा वेलफेयर सोसाइटी
अक्षयकोष-२०७३

**साक्षी**

१.एल्.वि. घिसिङ
भुतपूर्व गुर्खा वेलफेयर सोसाइटी,यूके/नेपाल
२.क्याप्टेन हिमाल राई
भुतपूर्व गुर्खा वेलफेयर सोसाइटी,यूके/नेपाल